# स्थानीय राजपत्र

**उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित**

खण्ड : ३ | संख्या : २ | मिति : २०७६/०३/०९

# भाग - २

# उमाकुण्ड गाउँपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७६

नेपालको संविधानले माध्यमिक शिक्षासम्मको व्यवस्थापन गर्ने कार्यलाई स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (ज) को बुदाँ नं १६ ले दिएको अधिकार प्रयोग गरी उमाकुण्ड गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत् जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, सिमन्तकृत छात्रछात्राहरु र उमाकुण्ड गाउँपालिकाको स्थायी बासिन्द भई गाउँपालिका भन्दा बाहिर रहेर उच्च शिक्षा हासिल गरिरहेका छात्रछात्राहरुलाई छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित, पारदर्शी र लक्षित बनाउन आवश्यक देखिएकोले उमाकुण्ड गाउँपालिकाले यो कार्यविधि बनाई  सवैको जानकारीको लागी स्थानीय राजपत्रम प्रकाशित गरिएको छ ।

# उमाकुण्ड गाउँपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७६

**प्रस्तावनाः**

नेपालको संविधानले माध्यमिक शिक्षासम्मको व्यवस्थापन गर्ने कार्यलाई स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (ज) को बुदाँ नं १६ ले दिएको अधिकार प्रयोग गरी उमाकुण्ड गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत् जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, सिमन्तकृत छात्रछात्राहरु र उमाकुण्ड गाउँपालिकाको स्थायी बासिन्द भई गाउँपालिका भन्दा बाहिर रहेर उच्च शिक्षा हासिल गरिरहेका छात्रछात्राहरुलाई छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित, पारदर्शी र लक्षित बनाउन आवश्यक देखिएकोले उमाकुण्ड गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरिएको छ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम उमाकुण्ड गाउँपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७६ रहने छ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ।

१.३ यो कार्यविधि उमाकुण्ड गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरु तथा यस गाउँपालिकाका स्थायी बासिन्द भई गाउँपालिका भन्दा बाहिर विद्यालय वा कलेजमा अध्ययनरत् छात्रछात्राहरुका हकमा पनि लागू हुनेछ।

## परिच्छेद २

२. **परिभाषः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

२.१ गाउँपालिका भन्नाले उमाकुण्ड गाउँपालिकालाई जनाउँछ।

२.२ अध्यक्ष भन्नाले उमाकुण्ड गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

२.३ विद्यालय भन्नाले प्रचलित कानुन बमोजिम सामुदायिक विद्यालयको रुपमा प्रारम्भिक बाल शिक्षा देखि कक्षा बाह्रसम्म अनुमति प्राप्त गरेका विद्यालयलाई जनाउँछ।

२.४ छात्रवृत्ति भन्नाले तोकिएको आधारमा छनोट भएका विद्यार्थीहरुलाई विद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई जनाउँछ।

२.५ समिति भन्नाले गाउँपालिकास्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई जनाउँछ।

## परिच्छेद ३

३. **उद्धेश्यः** यस कार्यविधिका उद्धेश्यहरु निम्नलिखित रहेका छन।

३.१ छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु,

३.२ लक्षित वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्ति गर्नु,

३.३ छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायश्हरुको भूमिका स्पष्ट पार्नु ,

## परिच्छेद ४

४. **समिति सम्बन्धी व्यवस्थाः**

४.१ उमाकुण्ड गाउँपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन समिति देहाय बमोजिम हुनेछ।

क) उमाकुण्ड गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख) उमाकुण्ड गाउँपालिकाको उपाध्यक्ष - सदस्य

ग) उमाकुण्ड गाउँपालिका प्रमुख प्रशासकीय प्रमुख - सदस्य

घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

ङ) समितिद्धारा मनोनित प्रधानाध्यापकहरु मध्येबाट एकजना - सदस्य

च) शाखा प्रमुख - सदस्य सचिव

४.२ समितिको बैठक सम्बन्धी व्यवस्थाः समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठक संञ्चालन सम्बन्धी कार्यविधि समिति आफैंले तयार गरेबमोजिम हुनेछ।

४.३ छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

क) गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति सम्बन्धी नीति निर्माण, आवश्यक मापदण्ड निर्धारण र परिमार्जन सम्बन्धी कार्य गर्ने।

ख) छात्रवृत्तिका लागि सूचना आह्वन गर्ने।

ख) तोकिएको मापदण्डका आधारमा निवेदक विद्यार्थीहरुको अन्तिम छनोट गरी सूची तयार गर्ने र छात्रवृत्ति वितरण गर्ने।

ग) छात्रवृत्ति वितरण, व्यवस्थापन, अभिलेखन लगायतका विषयमा परेका समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने।

## परिच्छेद ५

५. **छात्रवृत्ति रकमः** उमाकुण्ड गाउँपालिका स्तरीय छात्रवृत्ति समितिले छनोट गरेको छात्रछात्राहरुले तहगत रुपमा वार्षिक देहाय बमोजिम छात्रवृत्ति पाउने छ।

क) आधारभूत तह कक्षा (१-५) रु. ६,०००

ख) आधारभूत तह कक्षा (६-८) रु. ८,०००

ग) मा.वि तह कक्षा (९-१०) रु. १०,०००

घ) मा.वि. तह कक्षा (११-१२) रु. १२,०००

ङ) उच्च शिक्षा रु. १५,०००

## परिच्छेद ६

### ६. छात्रवृत्तिको लागि आवेदन दिनु पर्नेः

६.१ छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले सूचनामा तोकिएको म्यादभित्र देहाय बमोजिमका कागजातहरु संलग्न राखी आवेदन दिनु पर्नेछ।

क) विद्यालयमा विद्यालय खुलेको दिनको कम्तिमा ८०% प्रतिशत हाजिरी भएको भनि विद्यालयले प्रमाणित गरेको हुनु पर्ने।

ख) जेहेन्दार विद्यार्थीको हकमा परीक्षामा उत्कृष्ट अंक, जिपिए प्राप्त गरेको वा विद्यार्थी प्रतिभावन भएको भनी सम्बन्धीत विद्यालयले सिफारिस गरेको हुनु पर्ने।

ग) विपन्नता वा गरिबको हकमा गरिब परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा वडाले व्यहोरा खुलाई दिएको सिफारिसको प्रमाणित प्रतिलिपी।

घ) सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उक्त विद्यालय सामुदायिक हो भनी वडाले दिएको सिफारिस पत्र।

ङ) उच्च शिक्षा अध्ययनरत् विद्यार्थीको हकमा कलेज वा शिक्षण संस्थाको सिफारिस र भर्ना भएको विल भपाई।

च) जनजाति, अपाङ्ग, सिमन्तकृत र दलितको हकमा सम्बन्धीत निकायको सिफारिस प्रतिलिपी।

छ) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

## परिच्छेद ७

**७. छात्रवृत्ति प्रदान नगरिनेः**

क) विद्यालय खुलेको दिनेको कम्तिमा ८०% प्रतिशत हाजिरी नपुगेमा ।

ख) परीक्षामा अनुर्तिण भएमा ।

ग) अध्ययनको वार्षिक प्रगति विवरण समयमा नबुझाएमा ।

घ) झुटा विवरणहरु पेश गरेमा ।

ङ) फौजदारी कसुरमा दोषी प्रमाणित भएमा ।

च) सम्बन्धीत शिक्षण संस्थाबाट निष्काषित भएमा ।

छ) उमेर नपुग्दै विवाह गरेमा ।

## परिच्छेद ८

**८. छात्रवृत्ति निरन्तरताः**

८.१ परिच्छेद ७ को अवस्था नभएमा छात्रवृत्तिमा छनोट भएका विद्यार्थीले तीन वर्ष सम्म निरन्तर छात्रवृत्ति प्राप्त गर्नेछ ।

## परिच्छेद ९

**९. छात्रवृत्तिको रकम निकासा र भुक्तानी प्रक्रियाः**

९.१ छात्रवृत्ति प्राप्त गर्न छनोट भएका विद्यार्थीहरुले आफू अध्ययनरत रहेको विद्यालय वा कलेजको सिफारिस सहित (क) वर्गको मान्यता प्राप्त बैङ्कमा खाता खोली सो को जानकारी गाउँपालिकामा दिनु पर्ने ।

९.२ उच्च शिक्षा र माध्यमिक तह कक्षा (११-१२) को छात्रवृत्तिमा छनोट भएका विद्यार्थीले अध्ययन पुरा गरेपछि छात्रवृत्ति समितिले तोकिएको ढाँचामा कम्तिमा १(एक) वर्ष गाउँपालिकामा निःशुल्क

सेवा गर्ने कबुलियतनामा गरिसकेपछि मात्र छात्रवृत्ति रकम बैङ्क खातामा निकासा गरिनेछ।

९.३ गाउँपालिकाले आर्थिक वर्षको अन्तिम चौमासिक भित्र छात्रवृत्तिको रकम एकमुष्ट रुपमा निकासा गरिनेछ।

## परिच्छेद १०

### १०. विविध

१०.१ छात्रवृत्तिको लागि प्रदान गरेका रकम अन्य शिर्षकमा खर्च गर्न पाइने छैन।

१०.२ छात्रवृत्ति दोहोरो पर्ने गरी वितरण गर्न पाइने छैन।

१०.३ समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये केहि अधिकार समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सकिनेछ।

१०.४ यस कार्यविधिमा गाउँपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सकिनेछ।

**प्रमाणीकरण मितिः २०७६।०३।०९**

**आज्ञाले,**
**ईश्वरी प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**